# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (बर्दघाट, सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

visit Nepal 2020

☎ : ०७८-५७५०
फ्याक्स: ०७८-५७५३
इमेल: devchulimunicipality@gmail.c


प.स.: ०७६/०७७
च.न.:

मितिः २०७६/०९/११

### विषय : सूची दर्ता गर्ने सम्बन्धी सूचना

यस देवचुली नगरपालिकामा प्राप्त सूचना अनुसार सामाजिक विकास मन्त्रालयको आ.व. २०७६/०७७ मा श्रम तथा रोजगारको स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत विभिन्न सीपमूलक तालिम सञ्चालन गर्ने कार्यक्रम अनुसार तालिम प्रदायक संस्थाहरुको मौजुदा सूची तयार गर्नुपर्ने भएकोले तपसिल बमोजिमका क्षेत्रमा तालिम कार्यक्रमहरु सञ्चालन गर्न ईच्छुक ईजाजत प्राप्त तालिम प्रदायक संस्थाहरुले आफूले गर्न चाहेको प्रत्येक तालिम कार्यक्रमको लागि छुट्टाछुट्टै रुपमा सार्वजनिक खरिद नियमावली २०६४ को अनुसूची २ (क) बमोजिम सूची दर्ता सम्बन्धी निवेदन सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश, पोखरामा दर्ता गराउनुहुन ईच्छुक सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

क) कृषि क्षेत्र  ख) सेवा क्षेत्र  ग) पर्यटन क्षेत्र  घ) कला क्षेत्र
ङ) गँलैचा तथा पश्मिना  च) निर्माण क्षेत्र  छ) होजियारी तथा तयारी पोशाक

**सूची दर्ताको निवेदन साथ देहायका कागजातहरू अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ ।**

१) संस्था दर्ताको प्रमाणपत्र/नवीकरण प्रमाणपत्र
२) स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र
३) गत आ.व. को कर चुक्ता प्रमाणपत्र
४) तालिम सञ्चालनका लागि ईजाजत प्राप्त गरेको प्रमाणपत्र
५) पेशागत कसुर गरे वापत सजाय पाए नपाएको स्वघोषणाको पत्र

सूचीदर्ताका लागि प्राप्त दरखास्त स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा निहित रहनेछ ।

यस सम्बन्धी कार्यविधि एवम् प्रस्तावको ढाँचाको जानकारीका लागि मन्त्रालयको वेवसाइट mosd.gandaki.gov.np वा मन्त्रालयको फोन नम्बर ०६१-४६७६७२ र ४६७७७१ मा सम्पर्क गर्न सकिनेछ ।

(विष्णु प्रसाद भुसाल)
प्रमुख प्रशासकीय अधिकृत

विष्णुप्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत